मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८०**

**तह : एम.एड./प्रथम सेमेस्टर** **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** **उत्तीर्णाङ्क: ३०**

विषय: आधुनिक नेपाली कविता (नेपा. शि. ५१५)

*परीक्षार्थीहरूले मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'**

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।** ६×५= ३०

१. कविंताका स्वरूपको सामान्य चर्चा गरी त्यसमध्ये लघुरुपलाई उदाहरणसहितं प्रस्ट्याउनुहोस्।

२. समसामयिक नेपाली कविताका नवरुपलाई चिनाउँदै तिनका मूलभूत प्रवृत्तिको चर्चा गर्नुहोस्।

३. वयोवृद्ध कोइलीको विलौना कविताको केन्द्रीयकथ्य र त्यसको व्यञ्जनात्मक सार प्रस्तुत गर्नुहोस्।

**अथवा**

'प्रभुजी मलाई भेडो वनाऊ' कविता तत्कालीन समसामयिक नेपाली समाज र राजनीतिको प्रतिक्रिया हो भन्ने कुरालाई पुष्टि गर्नुहोस्।

४. माधवप्रसाद घिमिरे परिष्कारवादी एवम् स्वच्छन्दतावादी धाराका समन्वय विन्दु हुन् भन्ने कुरालाई उनका कवितागत प्रवृत्तिका आधारमा चिनाउनुहोस्।

५. 'मैनवत्तीको शिखा' कविताको प्रतीकात्मक अर्थलाई सामाजिक जीवनसँग तुलना गर्नुहोस्।

६. निर्धारित पंक्तिको भाव स्पष्ट पार्नुहोस्:

चित्त शुद्ध होस् मेरो वोली वुद्ध होस्<br>
मेरो पैतालाले किरै नमरोस्<br>
राम्रो आँखामा खुल्छ राम्रै संसार<br>
काँडाको आँखामा काँडै संसार।

**अथवा**

हातमा कलम हुनेहरू कलम लिएर उठ<br>
वाजा वजाउन जान्नेहरू वाजा लिएर उठ<br>
हातमा औजार हुनेहरू औजार लिएर उठ<br>
हातमा केही नहुनेहरू आवाज लिएर उठ।

**समूह 'ग'**

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्।** २×१०= २०

७. गजलकार ज्ञानुवाकर पौडेल र वूँदा रानाको गजल प्रवृत्तिको तुलनात्मक विश्लेषण गर्नुहोस्।

८. नेपाली गजलको सैद्धान्तिक परिचय दिँदै यसका प्रमुख तत्वहरूको समीक्षा गर्नुहोस्।

**अथवा**

मोहन कोइरालाका काव्यगत प्रवृत्तिको चर्चा गर्दै 'म सम्झन्छु' कवि कोइरालाको अतीतको स्मरणको प्रयोगवादी अभिव्यक्ति हो भन्ने कुराको विश्लेषण गर्नुहोस्।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह : एम.एड./प्रथम सेमेस्टर

विषय: आधुनिक नेपाली कविता (नेपा. शि. ५१५)

रोल नं. .......................

## समूह 'क'

तलका दिइएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तर छान्नुहोस् । १०x१= १०

१. शब्द र अर्थको सहभाव नै कविता हो भनेर परिभाषित गर्ने पूर्वीय समालोचक को हुन् ?
(क) भरतमुनि (ख) भामह
(ग) विश्वनाथ (घ) जगन्नाथ

२. कविले कवितामा कुनै पात्रमार्फत विषयवस्तुलाई प्रस्तुत गरेमा त्यसलाई कस्तो शैली भनिन्छ ?
(क) स्वत:सम्भवी (ख) कविप्रौढोक्ति
(ग) कविनिवद्ध वक्तृप्रौढोक्ति (घ) सर्वदर्शी

३. वयोवृद्ध कोइलीको बिलौनाको केन्द्रीय कथ्य कुन हो ?
(क) कोइलीको कथा
(ख) पीडाको अभिव्यक्ति
(ग) जीवनको दार्शनिकता
(घ) अतीतको स्मरणमा वर्तमान प्रतिको निराशावोध

४. कालीगण्डकी कविताको अन्तिम श्लोकमा रहेको 'शुभ्र क्षेत्र सात' पदावलीले के कुरालाई सङ्केत गर्छ ?
(क) सेतो हिमाल (ख) आकाशका ताराहरू
(ग) कालीगण्डकीको मुहान (घ) जीवन पछिको रहस्य

५. नारी जीवनका वि:विध रूपहरूको विम्वात्मक प्रस्तुति कुन कवितामा पाउन सकिन्छ ?
(क) लाहुरे र फूलहरू (ख) म सम्झन्छु
(ग) मैनवत्तीको शिखा (घ) पर्खनुपर्छ

६. दुर्गालाल श्रेष्ठको फूलको आँखामा फूलै संसार वोलको गीतका मूलका गायक को हुन् ?
(क) न्ह्यु वज्राचार्य (ख) स्वरुपराज आचार्य
(ग) सत्यकला राई (घ) आनी छोइङ डोल्मा

७. वर्गसंघर्षको आह्वान कुन वोलको गीतमा अभिव्यक्त भएको छ ?
(क) गाउँगाउँबाट उठ (ख) म त लालीगुराँस भएछु
(ग) यो नेपाली शीर उचाली (घ) कुन मन्दिरमा जान्छौ यात्री

८. रातो मलाई प्यारो गजलमा रातो शव्दको लाक्षणिक अर्थ के हो ?
(क) रगत (ख) सुन्दरता
(ग) विद्रोह (घ) जवानी

९. वालकृष्ण समको विशिष्ट लेखकीय प्रवृत्ति कुन हो ?
(क) प्रकृति चित्रण (ख) स्वच्छन्दतावादको प्रयोग
(ग) स्थानीयताको चित्रण (घ) गद्य र पद्य दुवै शैलीमा कविता लेखन

१०. गजलमा काफिया ले के कुरालाई बुझाउँछ ?
(क) पहिलो सेर (ख) लेखकको उपनाम
(ग) अन्तिम सेर (घ) तुकान्त शव्द